फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बेनी, म्याग्दी ।

प.स.:- ०७७/७८
च.नं. :-

मिति २०७७/०६/०२

## म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारी द्धारा जारी आदेश ।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०५/२९ गतेको निर्णय एवं जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) म्याग्दीको मिति २०७७/०६/०१ गते बैठक समेतका आधारमा यस जिल्लाका हकमा निम्नानुसार गर्ने/गराउने गरी संक्रमक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम यो आदेश जारी गरिएको छ। यो आदेशको बर्खिलाप वा प्रतिकुल हुने गरी काम कारवाही गरे भएको पाइएमा सोही ऐन र प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

१. छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहायबमोजिम हुने गरी सञ्चालन गर्ने।

**यातायात व्यवसायीहरुसँग सम्बन्धित जिम्मेवारी:-**

क. सिट क्षमताको ५० प्रतिशत यात्रु राख्ने।
ख. भौतिक दुरी कायम हुने गरी एक पङ्त्तिको सिटमा १ जना मात्र यात्रु राख्ने। सिटमा बाहेक यात्रु नराख्ने।
ग. सबै यात्रुको मास्क अनिवार्य गर्ने।
घ. यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र सेनिटाइजर समेतको व्यवस्था गर्ने, माक्स, सेनिटाईजर पन्जा, भाईजरको अनिवार्य प्रयोग गरी यात्रुलाई पनि सोही बमोजिम प्रयोग गर्न लगाउने साथै गाडीमा यात्रापूर्व थप मात्रामा मास्क, सेनिटाइजर, पञ्जाको मौज्दात गर्ने।
ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्ने।
च. यो व्यवस्था लागु रहदाँ सम्म तोकिएको भाडादरमा अधिकतम थप ५० प्रतिशत सम्म भाडा लिन सक्ने।
छ. सार्वजनिक यातायात संचालन र यात्रु व्यवस्थापन सम्बन्धमा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तयार हुने थप र विस्तृत मापदण्डलाई प्रभावकारी रुपमा पालना गर्ने।
ज. संक्रमित जिल्लामा जाने र फर्किने सवारी साधनका हकमा Time card लागु गर्ने।
झ. कालीपुलबाट जिल्ला बाहिर जाँदा र फर्कदाँ कालीपुल चेक पोष्टले गर्ने चेकजाँचमा पुर्ण रुपमा सहयोग गर्ने।
ञ. लामो दुरीमा चल्ने सवारी साधनमा अनिवार्य रुपमा २ जना चालक रहने व्यवस्था गर्ने।
ट. छुट्ने जिल्लाबाट लिएको चलानी अनुसारकै यात्रुहरुलाई यस जिल्लाको होल्डिङ सेन्टरमा यातायात सञ्चालकले बुझाउने।
ठ. जिल्लाबाट काठमाण्डौं वा अन्य जिल्ला जाने सवारी साधनका चालक/सहचालक सधै आफ्नो निजी बासस्थानमा खानपिन र बसोबास गरी, जिल्ला फर्केपछि क्वारेन्टाइनमा बसे सरह बस्ने।

२०७७/०६/०२
उमाकान्त अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय म्याग्दी

प.स.:- ०७७/७८
च.नं. :-

मिति २०७७/०६/०२

ङ. म्याग्दी प्रवेश गर्ने यात्रुलाई गाडीमा चढाउनु पुर्व नै DCCMC म्याग्दीले तयार गरेको यात्रु विवरण फारम भर्न लगाई सोको जानकारी फोनबाटै तुरुन्त होल्डिङ सेन्टरमा गराउने र म्याग्दी प्रवेश पश्चात यात्रु सहित उक्त फारम होल्डिङ सेन्टरमा बुझाउने ।

ढ. यात्रुहरुलाई स्वयं घरबाट खाना प्याकिङ गर्न प्रोत्साहित गर्ने र नसकेको खण्डमा गाडी कर्मचारीले होटलसँग सम्पर्क गरी प्याकिङ खाना गाडीमा नै प्राप्त गर्ने व्यवस्था मिलाउने ।

ण. काठमाण्डौं लगायतका अन्य संक्रमित जिल्लाबाट म्याग्दी ल्याउने प्रत्येक यात्रुलाई विलम्व नगरी जिल्ला भित्र निजहरुको गन्तव्य स्थल सम्म पुर्याउने जिम्मा होल्डिङ सेन्टरसँग समन्वय गरी सम्बन्धित यातायात संचालकले लिने ।

त. होल्डिङ सेन्टरमा यातायात व्यवसायीहरुको १/१ जना प्रतिनिधि खटाई म्याग्दी भित्रिने यात्रुहरुलाई जाने स्थान अनुसार समुह-समुहमा विभाजन गरी तोकिएको भाडा लिई गन्तव्य स्थल सम्म पुर्याउने ।

थ. सवारी साधनमा Thermal gun को व्यवस्था गरी यात्रा पूर्व र यात्रा पश्चात यात्रुहरुको तापक्रम जाँच गरी केही प्रतिकुल पाईएमा होल्डिङ सेन्टरमा खबर गर्ने र विशेष निगरानी गर्ने ।

द. म्याग्दी आउने यात्रुलाई सवारी साधनमा चढाउनु पूर्व नै म्याग्दी पुगेपछि १४ दिन अनिवार्य रुपमा क्वारेन्टाइन/होम क्वारेन्टाइनमा बस्नुपर्ने भनी जानकारी गराउने ।

**Holding center सँग सम्बन्धित जिम्मेवारी**

क. Holding center लाई थप व्यवस्थित गरी प्रभावकारी रुपमा संचालन गर्ने ।

ख. म्याग्दी प्रवेश गर्ने सवारी साधनका यात्रुहरुलाई Receive गर्ने, विस्तृत विवरण राख्ने, सम्बन्धित स्थानीय तहलाई जानकारी गराई जिम्मा लगाउने तथा सम्बन्धित गन्तव्य स्थान सम्म पुर्याउन यातायात व्यवसायीहरु सँग समन्वय गरी सवारी साधनको व्यवस्था गरी यात्रु पठाउन सहजीकरण गर्ने ।

ग. म्याग्दी बाहिर जाने र फर्किने सवारी साधन र यात्रुहरुको चेकजाँच कालीपुल चेकपोष्ट र होल्डिङ सेन्टरमा थप प्रभावकारी बनाउने । यसका लागि सुरक्षाकर्मी थप सक्रिय हुने ।

घ. भारतबाट सिधै जिल्ला प्रवेश गर्ने मालवाहक गाडीका चालक र सहचालकको होल्डिङ सेन्टरमा रेकर्ड राखी स्थानीय तहसँग समन्वय गरी जिल्ला प्रहरी कार्यालयले विशेष निगरानी राख्ने व्यवस्था मिलाउने ।

**स्थानीय तहको जिम्मेवारी**

क. बाहिरी जिल्लाबाट भित्रिने हरेक यात्रुलाई अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइन/होम क्वारेन्टाइन बस्न लगाउने ।

ख. स्थानीय तहले क्वारेन्टाइन/होम क्वारेन्टाइनको प्रभावकारी अनुगमन गर्ने ।

ग. बेनी बजार, बाबियाचौर, दरवाङ, तातोपानी जस्ता बजार क्षेत्रमा जोखिम बढी हुने भएकाले तहाँका स्थानीय तहहरु थप सजग भई निगरानी र अनुगमन बढाउने ।

२०७७/०६/०२
उमाकान्त अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/७८
च.नं. :-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय म्याग्दी

मिति २०७७/०६/०२

**म्याग्दी जिल्लामा भित्रिने नागरिकहरुको जिम्मेदारी**

क. अत्यावश्यक काममा बाहेक हालको अवस्थामा संक्रमित स्थान (रेड जोन) बाट म्याग्दी आउने कार्यक्रम स्थगित गर्ने ।

ख. आउनै पर्ने अवस्था भए स्थानीय तह, स्थानीय प्रशासनसंग समन्वय गरेर मात्र आउने ।

ग. सम्भव भएसम्म पछिल्लो ७२ घण्टाको पिसिआर रिपोर्ट सहित आउने ।

घ. म्याग्दी आउने सवारी साधनमा यात्रा गर्दा यात्रामा विशेष सावधानी अपनाउने । स्वास्थ्य मापदण्डको पुर्ण पालना गर्ने ।

ङ. यात्रामा सकेसम्म घरबाटै बनेको खाना, नास्ता प्रयोग गर्ने ।

च. भौतिक दुरी कायम गरि सवारी साधन प्रयोग गर्ने ।

छ. बाटोका संक्रमित ठाउँहरूमा किनमेल नगर्ने ।

ज. बेनी प्रवेश गर्दा होल्डिङ सेन्टरमा अनिवार्य आफ्नो विवरण दिने, होम क्वारेन्टाइन फारम भर्ने ।

झ. आफ्नो स्थानीय तह, वडापालिका,कार्यालय वा होटल भए होटलमा तुरुन्तै सम्पर्क र समन्वय गर्ने ।

ञ. म्याग्दी प्रवेश गरेपछि तत्काल कसैसँग भेटघाट,सम्पर्क नगर्ने ! सिधा घर,होटल,कार्यालय निवास जहाँ बस्ने हो त्यहाँ पुग्ने र अनिवार्य १४ दिन होम क्वारेन्टाइनमा बस्ने ।

ट. क्वारेन्टाइन बसेको अवधिमा कोरोनाको लक्षण देखिए तुरुन्तै स्थानीय तह,स्थानीय प्रशासन वा अस्पतालमा खबर गर्ने ।

ठ. आफ्नो घरमा क्वारेन्टाइन बस्ने अवस्था नभए स्थानीय तहले तयार गरेको क्वारेन्टाइनमा बस्ने ।

२. देहायबमोजिमको सेवा र कार्यहरु अर्को सूचना नभएसम्मका लागि सञ्चालन नगर्ने ।

क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र),

ख. शैक्षिक र अन्य परिक्षा सञ्चालन,

ग. सबै प्रकारका सभा, गोष्ठी, तालिम सेमिनार,

घ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,

ङ. सिनेमा हल, पार्टीप्यालेस, डानसबार लगायतका मनोरोञ्जन स्थल,

च. सैलुन, ब्युटिपार्लर तथा स्पा,

छ. समुहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति,

ज. स्वीमिङपुल जिमखाना लगायत हेल्थ क्लव,

झ. अन्तराष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल,

ञ. पुस्तकालय, संग्रहालय र चिडियाखाना ।

३. उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिक लगायत सबैले स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

*"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"*

२०७७/०६/०२
उमाकान्त अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बेनी, म्याग्दी ।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/७८
च.नं. :-

मिति २०७७/०६/०२

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्ने ।

५. उपलब्धता र उपयुक्तताको आधारमा दूर शिक्षा लगायतका बैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाइ कार्यलाई निरन्तरता दिने ।

६. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने । यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने ।

७. विकास आयोजनाहरु सञ्चालनका लागि अत्यावश्यक पर्ने प्रविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगेटिभ भएको (यात्रा गर्नुभन्दा ७२ घण्टाभित्रको) रिपोर्ट सहित आयोजनाले व्यवस्था गरेको आवासमा रहनु पर्ने ।

८. नेपाल सरकार र जिल्ला प्रशासन कार्यालयबाट जारी गरेका आदेश र लागू गरेका व्यवस्थाहरुको पालना गरी कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार कार्यमा साथ दिनु भएकोमा सम्पूर्ण जिल्लाबासी दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यावाद ज्ञापन गर्दछौं । जनस्वास्थ्य रक्षाका लागि यात्रा गर्दा वा पेसा व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य र सुरक्षाका सबै मापदण्डहरु कडाईका साथ पूर्ण पालना गर्न/गराउन जिल्ला प्रशासन कार्यालय, म्याग्दी हार्दिक अपिल गर्दछ ।

९. म्याग्दी आजसम्म सुरक्षित छ ! तपाईं हाम्रो सानो लापरबाहीले पनि भोलीका लागि भयावह हुनसक्छ ! माथिका व्यवस्था अनिवार्य रूपमा पालना गरिदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

२०७७/०६/०२

उमाकान्त अधिकारी
प्रमुख जिल्ला अधिकारी